# नेपाल पब्लिक हेल्थ रिसर्च एण्ड डेभलपमेण्ट सेन्टर (पि.एच.आर.डी. नेपाल)
## मिनभवन, काठमाडौं
## *करारमा जनशक्ति लिनेसम्वन्धी सूचना*

सूचना प्रकाशित मिति: २०८१/०६/०७

संयुक्त राष्ट्रसंघीय बालकोष (यूनिसेफ)सँगको सहकार्यमा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट संचालन हुन गइरहेको नेपाल बहुसूचक सर्वेक्षण २०८१ (Nepal Multiple Indicator Cluster Survey 2024) को स्थलगत तथ्याङ्क संकलन कार्य गर्नको लागि यस नेपाल पब्लिक हेल्थ रिसर्च एण्ड डेभलपमेण्ट सेन्टरले (पि.एच.आर.डी. नेपाल) देहाय बमोजिमको पद र संख्यामा करारमा व्यक्तिहरु लिन लागेकोले तोकिएको योग्यता पूरा गरेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १० (दश) दिनभित्र यस संस्थाको वेभसाइट www.phrdnepal.org.np मा उपलब्ध हुने दरखास्त फाराम डाउनलोड गरी भरेर आवश्यक कागजातसहित यससंस्थाको सम्पर्क इमेल vacancy.phrdnepal@gmail.com मार्फत पेश गर्नुहुन वा यस संस्थाको कार्यालयमा दरखास्त फाराम बुझाउन सकिने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी तथा रित नपुगी आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

**तपसिल:**

| सि.नं. | पद | माग संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | छनौट विधि | करार अवधि |
|---|---|---|---|---|---|
| १ | महिला गणक | ५२ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र (१० जोड २) तह वा सो सरह उत्तीर्ण ( गणित वा तथ्यांकशास्त्र विषय लिएकालाई प्राथमिकता दिइने ) | अनुभव र न्यूनतम शैक्षिक योग्यताका आधारमा सर्टलिस्ट र अन्तर्वार्ता | बढीमा ६ महिना (१ महिनाको तालिम समेत) |
| २ | पुरुष गणक | २२ | | | |
| ३ | मापनकर्ता | १७ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र (१० जोड २) तह वा सो सरह उत्तीर्ण (जीव विज्ञान वा रसायन विज्ञान विषय लिएकालाई प्राथमिकता दिइने ) | | |

**दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरुः**

१) आवश्यक न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

२) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

३) अनुभवका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि ।

**अन्य जानकारी**

१) सर्टलिस्टमा परेका व्यक्तिहरुको नामावली तथा अन्तर्वार्ता मिति यस संस्थाको Website: www.phrdnepal.org.np मार्फत जानकारी गराइनेछ।

२) **काम गर्नुपर्ने स्थानः** सर्वेक्षणको नमूना छनौटमा परेका नेपालभरका जुनसुकै स्थानीय तह तथा जुनसुकै टोलीमा रही स्थलगत तथ्याङ्क संकलन गर्ने ।

३) **कामको विवरण** :

गणक (महिला/पुरुष)

- तोकिएको स्थानीय तहको तोकिएको गणनाक्षेत्रमा गई निश्चित ढाँचा र Computer Assisted Personal Interviewing (CAPI) विधिमार्फत तथ्याङ्क सङ्कलन गर्ने ।
- तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

मापनकर्ता :

- तोकिएको स्थानीय तहको तोकिएको गणनाक्षेत्रमा गई ५ वर्षमुनिका बालबालिकाहरुको तौल र उचाई मापन गर्ने।
- घरपरिवारले प्रयोग गर्ने खानेपानीको गुणस्तर परीक्षण कार्य गर्ने ।
- तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

४) **उमेरः** दरखास्त दिने अन्तिम दिनमा १८ वर्ष पूरा भई पुरुषको हकमा ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० बर्ष ननाघेको।

५) **सेवा सुविधा** : नेपाल सरकारको रा.प. अनं. द्वितीय श्रेणीको कर्मचारीको शुरु तलब स्केल । स्थलगत तथ्याङ्क सङ्कलन कार्यको लागि काजमा खटिदाँ नेपाल सरकारको प्रचिलत भ्रमण खर्च नियमावलीमा व्यवस्था भए अनुसार दैनिक भत्ता तथा भ्रमण खर्च उपलब्ध गराइने छ ।

६) संस्थाले देहायका आधारमा आवेदकहरुको सर्टलिस्ट तयार गरी अन्तर्वार्ताका लागि बोलाउने छ ।

- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट विगतमा संचालित नेपाल बहुसूचक सर्वेक्षणमा काम गरे वापत २ अंक ।
- न्यूनतम शैक्षिक योग्यतामा प्राथमिकता प्राप्त बिषयमा उत्तीर्ण गरे वापत २ अंक ।
- न्यूनतम शैक्षिक योग्यतामा उत्तीर्ण हुँदाको श्रेणी/ग्रेडका आधारमा बढीमा ३ अंक।

७) समान अंक भएको अवस्थामा बाहेक तोकिएको संख्याभन्दा थप ३०% भन्दा बढी व्यक्तिलाई सर्टलिस्ट गरिने छैन ।

**थप जानकारीको लागि सम्पर्कः**

**नेपाल पब्लिक हेल्थ रिसर्च एण्ड डेभलपमेण्ट सेन्टर (पि.एच.आर.डी. नेपाल)**
**मिनभवन, काठमाडौं**
**फोन नम्बरः ०१४७९०७२०**

**नेपाल पब्लिक हेल्थ रिसर्च एण्ड डेभलपमेन्ट सेन्टर (पि.एच.आर.डी. नेपाल)**
**मिनभवन, काठमाडौं**
**नेपाल बहुसूचक सर्वेक्षण २०८१**
**करारमा जनशक्ति लिने सम्बन्धी दरखास्त फाराम**

हालसालै खिचेको मुखाकृति पूरै देखिने पासपोर्ट साइजको फोटो टाँसी उम्मेदवारले फोटो र फाराम दुवैमा पर्ने गरी सही गर्ने ।

क) उम्मेदवारको व्यक्तिगत विवरणः

| | | |
|---|---|---|
| उम्मेदवारको नाम थर | देवनागरी लिपीमाः | |
| | अंग्रेजी ठूलो अक्षरमाः | |
| लिङ्ग | पुरुष : ☐ | महिला : ☐ |
| स्थायी ठेगाना | | |
| पत्राचार गर्ने ठेगाना | | |
| जन्म मिति | वि.सं.: | |
| | इस्वी सन्ः | |
| दरखास्त दिने अन्तिम दिनमा पुग्ने उमेर | ............ वर्ष ............ महिना ....... दिन । | |
| नागरिकता नं. र जिल्ला | | |
| इमेल | | |
| मोबाइल नम्बर | | |
| बुबाको नाम थर | | |
| आमाको नाम थर | | |
| हजुरबुबाको नाम थर | | |
| पति/पत्निको नाम थर (विवाहितको हकमा) | | |

| | | | |
|---|---|---|---|
| काम गर्न इच्छाएको प्रदेश (प्राथमिकताको आधारमा प्रदेशको नाम उल्लेख गर्ने ) | १. ........................ | २. ............................. | ३. खटाइएको जुनसुकै प्रदेशमा काम गर्न सक्ने |
| काम गर्न चाहेको पद: (अनिवार्य रुपमा कुनै एक पदमा मात्र ✓ चिन्ह लगाउने) | महिला गणक: ☐ | पुरुष गणक: ☐ | मापनकर्ता: ☐ |
| नेपाली भाषा बाहेक बोल्न, बुझन र अरुलाई बुझाउन सक्ने भाषा उल्लेख गर्ने | | | |

ख) न्यूनतम शैक्षिक योग्यताः

| शैक्षिक उपाधि | विश्वविद्यालय/संस्था | संकाय | श्रेणी/ग्रेड | प्रतिशत / CGPA |
|---|---|---|---|---|
| | | | | |

| मूल विषय (उपयुक्त विषयमा ठिक (✓) लगाउनुहोस्) | गणित | तथ्यांक | Biology | Chemistry | अन्य |
|---|---|---|---|---|---|
| | ☐ | ☐ | ☐ | ☐ | ................................. |

ग) तथ्यांक संकलन सम्बन्धी अनुभवः

| सि.नं. | काम गरेको कार्यालय/निकाय | सर्वेक्षणको नाम | पद | सेवा अवधि | |
|---|---|---|---|---|---|
| | | | | देखि | सम्म |
| | | | | | |
| | | | | | |

यस दरखास्तमा मैले उल्लेख गरेका सबै विवरणहरु सही सत्य छन् । पछि झुठ्ठा ठहरेमा कानुन बमोजिम सहुँला बुझाउँला ।

| उम्मेदवारको ल्याप्चे सही छाप | | |
|---|---|---|
| बाँया | दाँया | ......................................<br>उम्मेदवारको दस्तखत |
| | | मिति : |